# बगर खेती प्रविधि

## बगर खेती प्रविधि भनेको के हो ?

- नदीमा बाढी आएर बालुवा / बगर पटान भएको वा थुपारिएको ठाउँमा गरिने खेतीलाई बगर खेती प्रविधि भनिन्छ। अर्को शब्दमा भन्नु पर्दा वर्षात याममा आउने विनाशकारी बाढीले नदी खोला किनारका कृषि भूमिलाई कटान गरी बगरमा परिणत गर्छ र बाढी आउन छाडेपछि खाली रहने त्यस्ता उराठलाग्दा बगरक्षेत्रलाई विशेष प्रविधि प्रयोग गरी अर्को वर्षको बाढी नआउन्जेलसम्म हराभरा पारी राम्रो आम्दानी लिने खेती प्रविधिलाई बगर खेती भनिन्छ।
- हालका केहि वर्षयता जलवायु परिवर्तनका कारणले गर्दा वर्षामा आउने अत्याधिक वर्षा, वनविनाशका कारणले कृषि भूमिलाई बगरक्षेत्रमा परिणत गर्ने क्रम बढ्दै गइरहेको छ। नेपालका मोरङ, कैलाली-कञ्चनपुर एवं बाँकेको राप्ती नदी किनारका क्षेत्रमा बगर खेतीलाई अगाडि बढाएको देखिन्छ।



*चित्र: बगर खेती*

## बगर खेती अन्तर्गत कुन कुन बाली कुन समयमा लगाउने ?

- बगर खेती ठाउँ हेरी खेती गर्ने समयमा पनि केही फरक पर्छ।
- यो खेती मंसीर उप्रान्त शुरु भई माघ १५ सम्म रोपी सकिन्छ र बाली हेरी उत्पादन चैत्र महिनादेखि जेठसम्म उब्जनी लिन सकिन्छ।
- तराईका नदीहरुले छोडेका बगर भएका स्थानहरुमा यो खेती परम्परादेखि नेपालमा भईरहेको छ र यो खेती वर्षमा केवल एक पटक गरिन्छ।
- वर्षायाम शुरु हुनु अगावै त्यहाँ छोटो अवधिका बालुवामा हुने खालका काँक्रो, लौका, फर्सी, करेला, जुकुनी फर्सी, तरबुजा र खरवुजा जस्ता बालीहरुलाई बगर खेतीको रुपमा लगाएर राम्रो उत्पादन लिन सकिन्छ।
- राम्रो उत्पादन लिनको साथै फलमा औंसा कीराको प्रकोप कम गर्नको लागि बालीलाई कार्तिक महिनामा नै लगाउनु पर्दछ।

संक्षिप्त प्राविधिक ज्ञान

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन्। यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ। तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ।*

ZURICH FOUNDATION

PRACTICAL ACTION
Technology challenging poverty

**बगर खेती गर्ने तरिका**

**खाडलमा लगाउने विधि** (Pit Method):

- बेर्ना सार्नु भन्दा १ हप्ता पहिला खाडलमा माटो र कम्पोष्ट मल मिसाइ पुर्ने
- खाडलमा सिंचाई गर्ने
- बेर्नाको जरामा रहेको माटो नझारी रोप्ने
- बिरुवा रोपे पछि सिंचाई गरिहाल्ने




**बगर खेती गर्दा के के कुरामा ध्यान दिनु पर्छ ?**

- हावाहुरीबाट आउने धुलो बालुवाका कणहरुबाट बालीलाई जोगाउन, उपजको गुणस्तर बढाउन, जमिनमा चिस्यान कायम राख्न जमिनको सतहमा सुख्खा घाँस पराल, सोत्तर वा पात पतिंगरको छापो दिनु पर्छ ।
- राम्रो उत्पादन पाउनको लागि घाँस उम्रिसकेको बगरमा भन्दा भर्खरमात्र त्यसै वर्षको बाढीले पुरेको बालुवा / बगरमा खेती गर्नु पर्दछ ।
- कम उब्जाउ बगरहरुमा बिरुवा बाक्लो रोप्नु उपयुक्त हुन्छ ।
- खस्रो बालुवा भएको स्थानमा प्रति खाडल १-२ के.जी. चिम्टाइलो माटो मिसाई बाली लगाउँदा उत्पादन राम्रो हुन्छ ।
- पानीको सतह हेरी आवश्यकता अनुसार बालुवा उठाएर सतह मै अथवा खाडल बनाई बीऊ रोप्दा बाली राम्रो हुन्छ ।
- बगरमा खाद्यतत्वहरु चाँडै नै सकिने हुँदा लहरे तरकारी लामो समयसम्म उत्पादन लिन डि.ए.पी.,युरिया र पोटास मलले उकेरा दिनु पर्दछ ।
- हावाहुरीबाट नोक्सान कम गर्न र यसले ल्याउने धूलो, बगरका कणहरुलाई तरकारीको झाङ्मा नपरोस् साथै अतिरिक्त आम्दानी समेत लिनको लागि गहुँ बालीलाई हारमा लगाउँदा राम्रो हुन्छ ।

संक्षिप्त प्राविधिक ज्ञान

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*